(सिचाइ नियमावली २०५६ को नियम ३ सँग सम्बन्धित अनुसूची १)

# उपभोक्ता संस्था दर्ताको लागि दिइने दरखास्त फारम

श्री कार्यालय प्रमुख ज्यू,
जलस्रोत तथा सिचाइ विकास डिभिजन कार्यालय,
पाल्पा ।

महोदय,

हामीले ................सिंचाइ योजना जल उपभोक्ता सस्था गठन गरी दर्ता गराउन चाहेकोले जलश्रोत ऐन २०४९ को दफा २४ र सिचाइ नियमावली, २०५६ को नियम ३ बमोजिम उपभोक्ता सस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता सस्थाको दुइ प्रति विधान र एक सय रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

१. जल उपभोक्ता संस्थाको नाम :

२. जल उपभोक्ता संस्थाको ठेगाना : .....................खोला/मुलको पानीबाट सिंचाइ हुने ............. जिल्ला ..................... न.पा/गा.पा. वडा नं. ..................... केही भागहरु

३. उद्देश्यहरु :

क) संस्थाको मुल उद्देश्य कार्यक्षेत्र भित्र नेपाल सरकार वा प्रदेश सरकारबाट स्वीकृत आयोजना ( प्रणाली) बाट यस क्षेत्रमा सिंचाइ सम्बन्धी नीति र निर्देशन अनुसार आवश्यक जनश्रम जुटाउने, आर्थिक रकम उपलब्ध गराउने निर्माण कार्यको सुपरभिजन गरि गुणस्तर कायम राख्ने र सिंचाइ योजना (प्रणाली) समाप्त भईसकेपछि पनि मुल नहर, शाखा नहर तथा वितरण कुला/पाइपको मर्मत संभार मुल नहरको देखरेख र समितिको क्षमताबाट भ्याउने सम्मको मर्मत कार्य गरि सिंचित क्षेत्रमा समुचित रुपमा सिंचाइको व्यवस्था मिलाउने ।

ख) सिंचाइ प्रणालीको संचालन व्यवस्थापन तथा मर्मत संभारको लागि आवश्यक श्रोत जुटाउन जल उपभोक्ताहरुको प्रयासलाई एकत्रित तथा परिचालन गरि सम्बन्धित निकायसँग आवश्यक समन्वय कायम राख्ने . संस्थाको लागि आर्थिक श्रोत जुटाउन, सदस्यता शुल्क, दण्ड जरिवाना जस्ता नियमहरु कार्यान्वयन गरि लागु गर्ने ।

४. जल उपभोक्ता संस्थाको पदाधिकारीहरुको नाम :

| क्र. स. | पद | पदाधिकारीहरुको नाम | ठेगाना | पेशा |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | सचिव | | | |
| ४ | कोषाध्यक्ष | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| १० | | | | |
| ११ | | | | |

५. उपभोक्ताहरको मंजुरी :

६.अन्य
आवश्यक कुरा : (कुनै भए लेख्ने)

निवेदक,
<u>उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको</u>

सही:
नाम:
पद : अध्यक्ष
ठेगाना :
मिति:

# सिंचाइ जल उपभोक्ता संस्था, २०

# विधान

............. सिचाइ जल उपभोक्ता संस्था

................ न.पा./गा.पा. वडा नं. ......, पाल्पा

# विधान

*.................... सिंचाई जलउपभोक्ता संस्था २०*

पाल्पा जिल्ला ...................... नगरपालिका वडा नं. ........., पश्चिम-उत्तर स्थित ......................( मुहान) को पानीलाई समुचित ढङ्गले उपयोग गरेर पाल्पा जिल्ला ..........................न.पा. वडा नं. ................., .....(स्थान) स्थित खेती योग्य जग्गाको कृषि उत्पादनमा बृद्धि गरी देशको विकासमा टेवा पुऱ्याउन सक्ने उद्देश्यले उक्त श्रोतबाट ............ सिंचाई विकास योजना निर्माण गरी आपसी सहयोगद्वारा संचालनमा ल्याउन .......................................न.पा. वडा नं. ................ स्थानिय ........................ गाँउका स्थानिय सिंचाइ उपभोक्ताहरुको .................. सिंचाई जल उपभोक्ता संस्थाद्वारा यो विधान तयार गरिएको छ । यसमा उपभोक्ता संस्थालाई सवल र सकृय बनाउनु पर्ने कुरालाई उच्च प्राथमिकता प्रदान गरी आवश्यकता अनुसार उपनियमहरु पनि तयार गरिएका छन् ।

## परिच्छेद- १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**

क) यो विधानलाई ............... सिंचाई जलउपभोक्ता संस्था २० को विधान भनिने छ ।

ख) ............... सिंचाइ जलउपभोक्ता संस्थालाई जलश्रोत ऐन २०४९ अन्तर्गतको दफा २४ को सिंचाई नियमावली २०५६ को संसोधित २०६० नियम ३ उपनियम (१) अनुरुप दर्ता भई सकेपछि यो विधान लागु हुनेछ ।

२. **परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधान अन्तर्गत :

क) “संस्था” भन्नाले ............ सिंचाइ जल उपभोक्ता संस्थालाई जनाउछ ।

ख) “सिंचित क्षेत्र” भन्नाले .................को पूर्व, ......................को पश्चिम, .............................को उत्तर र ......................को दक्षिण यति चारकिला भित्र रहेको जम्मा जग्गा करिव ............... रोपनीलाई जनाउछ ।

ग) “सिंचाई जलउपभोक्ता संस्था” भन्नाले यस विधानको दफा ११ मा उल्लेखित प्रक्रियां अनुसार गठन भएको समितिलाई जनाउछ ।

घ) “साधारण सभा” भन्नाले सिंचाई जलउपभोक्ता संस्थाको साधारण सदस्यता प्राप्त कृषकहरुको भेलालाई जनाउदछ ।

ङ) “अध्यक्ष” भन्नाले सिंचाई जलउपभोक्ता संस्थाका प्रमुख व्यक्तिलाई जनाउदछ।

च) “उपाध्यक्ष” भन्नाले सिंचाई जलउपभोक्ता संस्थाका उप-प्रमुख व्यक्तिलाई जनाउदछ ।

छ) "सचिव" भन्नाले सिंचाई जलउपभोक्ता संस्थाका सचिवलाई जनाउदछ ।

ज) "कोषाध्यक्ष" भन्नाले सिंचाई जलउपभोक्ता संस्थाका कोषध्यक्षलाई जनाउदछ ।

झ) "सदस्य" भन्नाले सिंचाई जलउपभोक्ता संस्थाको साधारण सदस्यता प्राप्त सिंचाई जलउपभोक्ता सदस्यलाई जनाउदछ ।

ञ) "कार्यकारिणी सदस्य" भन्नाले जलउपभोक्ता संस्थाका सदस्य वा पदाधिकारीलाई जनाउदछ ।

ट) " सिंचाई जलउपभोक्ता संस्थाका पदाधिकारी" भन्नाले संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव, कोषाध्यक्ष वा कुनै सदस्य वा कार्यकारिणी सदस्य जसलाई समितिको तर्फबाट कार्य गर्न कुनै दर्जा वा जिम्मेवारी दिएको व्यक्तिहरुलाई जनाउदछ ।

३. **संस्थाको छापः**

संस्थाको दैनिक कार्यहरुलाई वैधानिकता प्रदान गर्न संस्थाको आफ्नो कार्यालय छाप रहने छ । यो छापको आकार २.५ साढे दुइ से.मी. देखि ४ से.मी. सम्म डायको गोलाकारमा हुनेछ । यो छापमा ........... सिंचाई जलउपभोक्ता संस्था २० भन्ने उल्लेख हुनेछ ।

४. **संस्थाको कार्यालयः**

संस्थाको कार्यालय पाल्पा जिल्ला ........................... न.पा./गा.पा. वडा नं. ............., को .................भन्ने गाँउमा रहने छ ।

**परिच्छेद- २**

**उद्देश्यहरुः**

५. **संस्थाको उद्देश्यहरुः**

संस्थाको मूल उद्देश्य पाल्पा जिल्ला ............................ न.पा./गा.पा. वडा नं. .........,........................(मुहान) को पानी सदुपयोग गरी सिंचित क्षेत्रमा कृषि प्रणालीमा सुधार ल्याई कृषि उपजमा बृद्धि ल्याउनु रहेको छ । यसले भरपर्दो सिंचाई प्रणालीको स्थापना, संचालन, मर्मत, सम्भार र दिगो विकास गरी सिंचित क्षेत्रकै विकास गराउनमा टेवा पुऱ्याउने छ । ............................ गाँउ ले परम्परमगत रुपमा संचालन तथा पानीको बाडफाड बमोजिम नै भरपर्दो सिंचाइ गर्ने छ । संस्थाको खास खास उद्देश्यहरु निम्नानुसार हुनेछ :

क) सिंचाई प्रणाली जसमा बाध, कुलो, नहर, पाइपलाइन र सिंचित क्षेत्रको लागि पानी वितरण प्रणालीहरुको निर्माण,संचालन, मर्मत सम्भार र व्यवस्थापन गर्नु ।

ख) सिंचाई प्रणालीको नयाँ निर्माण वा निर्माण सुधार कार्य गर्न सरकारी बजेटको परिचालन गर्नु, उपभोक्ता कृषकहरुको श्रोत परिचालन गर्नु र आवश्यक परेमा सिंचाई जलउपभोक्ता समितिलाई राष्ट्रिय वित्तिय संघ संस्था वा बैंकहरुबाट ऋण लिनमा समेत सघाउनु ।

ग) सिंचाई जलउपभोक्ताहरुलाई प्रभावकारी र समानुपातिक ढङ्गले पानी वितरण गर्नु ।

घ) सिंचाई प्रणालीको संचालन, मर्मत सम्भार र व्यवस्थापनको लागि आवश्यक श्रोत जुटाउन सिंचाई जलउपभोक्ताहरुको प्रयासलाई एकत्रित तथा परिचालन गरी सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय कायम राख्नु ।

ङ) निर्माण सुधार कार्य सम्पन्न भएपछि सिंचाई प्रणालीको संचालन, मर्मत सम्भार र व्यवस्थापनमा साझेदारी हुन (संयुक्त व्यवस्थापन प्रणाली) वा पूर्ण जिम्मेवारी (कृषक सिंचाई प्रणाली) लिनु ।

च) खेती प्रणालीमा सुधार तथा उन्नत खेती सुरुगरि उपभोक्ताहरुको जीवनस्तर उकास्न सिंचाई जलउपभोक्ता संस्था व्यवस्थापन समितिको कार्यदक्षतामा सुधार ल्याउन आवश्यक उप समितिहरुको गठन र परिचालन गर्नु जस्तैः समयमा मलखाद दिन उपलब्ध गराउन सघांउने उपसमिति, खेती प्रणाली सुधार उपसमिति, बजार व्यवस्थापन उपसमिति, नहर प्रणाली रेखदेख तथा मर्मत सम्भार उपसमिति, पानी वितरण र शुल्क असुली उपसमिति आदि ।

छ) वातावरण संरक्षणको लागि आवश्यक गतिविधिहरु संचालन गर्नु ।

ज) नहर प्रणालीको सु-संचालनको लागि आवश्यक हुन आउने अन्य कामहरु गर्नु ।

## परिच्छेद -३

**सदस्यता**

### ६ सदस्यताको लागि आवश्क योग्यताः

सिंचाई क्षेत्र भित्र जग्गा हुने जोताहा जग्गा धनि वा मोही वा मोही नलागेको जग्गाको जग्गा धनि वा उनीहरुका अख्तियार प्राप्त जोताहा किसानलाई संस्थाको सदस्यता स्वतः प्रदान गर्न सकिनेछ । संस्थाको सदस्य १८ वर्ष वा सो भन्दा बढी उमेरको हुनुपर्नेछ । यदि जग्गा धनि वा जोताहा किसान १८ वर्ष भन्दा कम उमेरको भए उसको संरक्षकलाई संस्थाको सदस्यता दिईने छ । मोही नलागेको जग्गाको जग्गा धनिले स्वयम् खेती नगरी अधीँया वा अन्य मोही नलाग्ने प्रथा अनुसार अरुलाई जग्गा जोत्न दिएको अवस्थामा धनि वा उसको अख्तियार प्राप्त व्यक्तिलाई सदस्यता दिन सकिनेछ ।

### ७. सदस्यता शुल्कः

क) जल उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम साधारण सदस्यहरुसँग सदस्यता शुल्क उठाउन सकिने छ ।

ख) सिंचाई प्रणालीको निर्माण सुधार, मर्मत सम्भार, संचालन र व्यवस्थापनको लागि आवश्यक रकम जुटाउन साधारण सभाले तोकिए अनुसार सदस्यता शुल्क वाहेक अन्य शुल्कहरु पनि हरेक सदस्यले तिर्नु पर्नेछ ।

### ८. सदस्यतावाट निष्काशन वा निलम्वन

क) जग्गा धनीले जग्गा बेचेमा वा मोहीयानी हक बेचेमा वा हस्तान्तरण भएमा सदस्यता खारेज हुनेछ । तयाँ मोही वा जोताहा जग्गा धनी वा निजबाट अख्तियार प्राप्त व्यक्ति सदस्यता ग्रहण गर्न योग्य हुनेछ ।

ख) सिंचाई जलउपभोक्ता संस्थाका नियमहरु उल्लङ्घन गरेको वा तिर्नु पर्ने शुल्क वा दस्तुरहरु नतिरेको खण्डमा संस्थाको निर्णय अनुसार सदस्यता निलम्वन गर्न सकिने छ । यदि कुनै निष्काशित सदस्यले सबै शुल्कहरु तिरेर संस्थाको नियम पालना गरेमा निजलाई पुन: सदस्यता प्रदान गर्न सकिनेछ ।

## परिच्छेद-४

## साधारण सभा र सिंचाई जलउपभोक्ता संस्था

९. **साधारण सभा**

क) साधारण सभामा सिंचाई जलउपभोक्ता संस्थाका सम्पूर्ण सदस्यहरु समावेश हुनेछन् ।

ख) साधारण सभा हरेक वर्ष कम्तिमा १ पटक बोलाईनेछ । साधारणत साधार्ण सभा वर्षवालीको वरिपरिको समयमा नै बोलाइनेछ । आवश्यक परेमा अपरझट तरिकाले पनि माथि उल्लेखित भन्दा भन्दा बढी साधारण सभाहरु बोलाउन सकिनेछ ।

ग) साधारण सभाको मिति, समय, स्थान र छलफल गरिने विषय वस्तुहरु सिंचाई जलउपभोक्ता संस्था समितिद्वारा तय गरिनेछ ।

घ) साधारण सभाको अध्यक्षता सिंचाई जलउपभोक्ता संस्थाको प्रमुख व्यक्तिले गर्नेछ । उनको अनुपस्थितमा उप-प्रमुख र निज पनिअनुपस्थित रहेमा सभाले मनोनयन गरेको कुनै एक सदस्यले साधारण सभाको अध्यक्षता ग्रहण गर्नेछ ।

ङ) साधारण सभा बोलाउँदा सबै सदस्य कृषकहरुलाई कम्तिमा १ हप्ताको अग्रिम सूचना दिईने छ । उक्त सूचनामा साधारण सभा हुने मिति, समय, ठाउँ र विषय वारे स्पष्ट उल्लेख भएको हुनु पर्दछ ।

च) साधारण सभामा कुल सदस्य संख्याको ६७ प्रतिशत भन्दा कम सदस्यहरुले भाग लिन आएमा गणपुरक नपुगेको मानी सभा स्थगित हुनेछ ।

छ) यसरी गणपुरक नपुगेको अवस्थामा दोश्रो सूचना दिई ३ दिन पछि पुन: साधारण सभा बोलाइनेछ ।

ज) यसरी दोश्रो सूचनाद्वारा बोलाईएको साधारण सभामा ३३ प्रतिशत भन्दा बढी सदस्यहरुले भाग लिन आएमा कोरम पुगेको ठहर गरी सभा संचालन गरिनेछ ।

झ) उपस्थित सदस्यहरुको साधारण वहुमतले कुनै निर्णय गरेमा त्यसलाई बैध मानिने छ।

ञ) साधारण सभाको अन्य प्रकृयागत निर्णयहरु साधारण सभा स्वयम्ले गर्न सक्नेछ ।

१०. **साधारण सभाको काम, कर्तव्य र अधिकार:**

साधारण सभाको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछन् ।

क) सिंचाई प्रणालीको निर्माण सुधार, संचालन, मर्मत सम्भार र व्यवस्थापनको लागि आवश्यक उपनियमहरु बनाउने र जारी गर्ने ।

ख) साधारण सभाका सदस्यहरु मध्येबाट सिंचाई जलउपभोक्ता संस्थाको लागि पदाधिकारीहरुको चयन गर्ने ।

ग) सिंचाई जलउपभोक्ता संस्थाको लेखा परिक्षण प्रतिवेदनको अनुमोदन गर्ने ।

घ) सिंचाई जलउपभोक्ता संस्थाको बार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

ङ) सिंचाई जलउपभोक्ता संस्था ले पेश गरेका वार्षिक बजेटलाई स्वीकृति प्रदान गर्ने ।

**११. सिंचाई जलउपभोक्ता संस्थाको निर्माण/गठन:**

क) साधारण सभाका सदस्य कृषकहरु मध्येबाट सिंचाई प्रणालीको सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी उपयुक्त व्यक्तिहरु चयन गरी जलउपभोक्ता संस्था निर्माण गरिनेछ ।

ख) सिंचाई जलउपभोक्ता संस्था व्यवस्थापन समितिमा कम्तिमा ७ जना देखि बढिमा ११ जना सदस्यहरु रहने छन् । अध्यक्ष, उपाध्यक्ष, सचिव, र कोषाध्यक्ष पदाधिकारी र अन्य कार्यकारिणी सदस्यहरु हुनेछन् ।

ग) पदाधिकारी तथा कार्यकारिणी सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ ।

घ) सिंचाई प्रणालीलाई प्रभावकारी ढङ्गले संचालन, मर्मत सम्भार र व्यवस्थापन गर्न आवश्यकता अनुसार उप-समितिहरु पनि निर्माण भएको अवस्थामा उप-समितिको अध्यक्ष सिंचाई जलउपभोक्ता संस्थाको पदेन सदस्य हुनेछ ।

**१२. सिंचाई जलउपभोक्ता संस्था व्यवस्थापन समितिको बैठक:**

क) सिंचाई जलउपभोक्ता संस्थाको बैठक घटिमा वार्षिक २ पटक हुनेछ ।

ख) संस्थाका अध्यक्षले आवश्यक ठानेमा आकस्मिक बैठकहरु पनि बोलाउन सक्नेछ । कार्यकारिणी सदस्यहरु मध्ये २५ प्रतिशत वा सो भन्दा बढीले समितिको अध्यक्षलाई लिखित अनुरोध गरेमा पनि व्यवस्थापन समितिको बैठक बोलाइनेछ ।

ग) सचिवले अध्यक्षको सिफारिस अनुसारको समय, मिति र ठाउँमा समितिको बैठक बोलाउने छ।

घ) समितिको बैठकको सभापतित्व समितिको अध्यक्षले गर्नेछन् । निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थितिमा उपस्थित जेष्ठ सदस्यको अध्यक्षतामा वैठक संचालन हुनेछ ।

ङ) बैठकको न्यूनतम गणपूरक संख्याको लागि ५१ प्रतिशत भन्दा बढी कार्यकारिणी सदस्यहरुको उपस्थिति हुनु आवश्यक छ ।

च) सबै कार्यकारिणी सदस्यहरुलाई कम्तिमा ३ दिन अगाडि नै बैठक बारे जानकारी दिनु पर्नेछ ।

छ) न्युनतम् गणपुरक संख्या नपुगेमा बैठक स्थगीत गरी दोश्रो पटक बैठकको सूचना जारी गर्न सक्नेछ ।

ज) दोश्रो चोटी बोलाइएको समितिको बैठकमा २५ प्रतिशत मात्र सदस्यहरु उपस्थित भएमा पनि बैठक बस्न सकिनेछ ।

झ) बैठकमा साधारण बहुमतले गरेको निर्णय मान्य हुने छ ।

ञ) बैठक सम्बन्धी अन्य कार्यविधि बारे आवश्यक निर्णय समिति स्वयम्ले गर्नेछ ।

१३. **सिंचाई जलउपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकारहरु**

सिंचाई जलउपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकारहरु निम्न अनुसार हुनेछ :.

क) संस्थाको वार्षिक कार्यक्रम अनुसार आर्थिक विवरणहरु साधारण सभामा पेश गर्ने ।

ख) साधारण सभाबाट पारित योजना र कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने/गराउने

ग) उपरोक्त योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि संस्थाको आर्थिक श्रोत आवश्यक बजेटको व्यवस्था मिलाउने ।

घ) संस्थाको नाम बाट हुने अन्य सम्पूर्ण कार्यहरु सम्पादन गर्ने ।

ङ) संस्थाको कार्य सम्पादन गर्न कार्यकारिणी सदस्य वा संस्थाको सदस्यलाई अधिकार प्रत्यायोजन गर्ने ।

च) साधारण सभा नवसुन्जेलको लागि रिक्त पदहरुको पदपूर्ति गर्न संस्थाका सदस्यहरुलाई मनोनयन गर्ने

## परिच्छेद -५

### सिंचाई जल उपभोक्ता संस्थाका कार्यकारिणी सदस्यहरु

१४. **समितिका कार्यकारिणी सदस्यहरुको काम, कर्तव्य र अधिकार:**

क) अध्यक्षको काम, कर्तव्य र अधिकार:

* साधारण सभा र समितिको बैठकको अध्यक्षता गर्ने ।
* समितिको वैठकको मिति, समय, ठाउँ र विषय किटान गर्ने ।
* समितिको बैठकमा कुनै विषयमा मतविभाजन भई पक्ष र विपक्षमा बराबर भोट बाडिन गएमा निर्णायक भोटको प्रयोग गर्ने ।
* संस्थाको प्रतिनिधित्व गर्ने वा प्रतिनिधित्व गर्न पदाधिकारी वा कार्यकारिणी सदस्यको चयन गर्ने ।
* समितिको आकस्मिक बैठक आवश्यक परेको समयमा बोलाउने ।
* कार्यान्वयन समिति का सदस्यहरुलाई क्रियाशिल बनाउने र तिनीहरुको गतिविधिमा समन्वय ल्याउने ।
* सेवा निकायका कार्यक्रमहरुमा तालमेल (समन्वय) गराउने ।

ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार:

* अध्यक्षको दैनिक काम सम्पादनमा सघाउने ।
* अध्यक्षको अनुपस्थितिमा उनको सम्पूर्ण अधिकार प्रयोग गरी कार्य सम्पादन गर्ने गराउने ।

ग) सचिवको काम, कर्तव्य र अधिकार:

* सिंचाई जलउपभोक्ता संस्था व्यवस्थापन समितिको निर्णय अनुसार साधारण सभा बोलाउने ।
* अध्यक्षको आदेश अनुसार समितिको बैठक बोलाउने ।
* समितिको बैठकमा भएका निर्णयहरु र माइन्युटको रेकर्ड अध्यावधिक राख्ने ।

* साधारण सभा समक्ष संस्थाको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ।
* समितिको बैठकमा लिइएका निर्णयहरुलाई प्रमाणित गर्न उपस्थित सदस्यहरुको दस्तखत संकलन गर्ने ।
* संस्थाको विधान, नीति र निर्णयहरु अनुरुप समितिको तर्फबाट पत्राचार गर्ने ।
* अध्यक्षद्वारा निर्देशित अन्य कार्यहरु सम्पादन गर्ने ।

घ) सह-सचिवको काम, कर्तव्य र अधिकार:

* संस्थाको हितको लागि सचिवलाई उनको काम, कर्तव्य सम्पादनमा सघाउने ।
* सचिवको अनुपस्थितिमा उनको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने ।

ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:

* संस्थाको नगद र जिन्सी जिम्मेवारी लिने र त्यसको अद्यावधिक रेकर्ड राख्ने ।
* संस्थाको वार्षिक बजेट तयार गरी संस्थामा पेश गर्ने ।
* संस्थाको आय व्ययको हर हिसाव राख्ने ।
* सदस्यता शुल्क जरिवाना, चन्दा, कर र अन्य शुल्कहरु उठाउने ।
* संस्थाको आर्थिक कारोवारमा निगरानी र नियन्त्रण गर्ने ।

च) कार्यकारिणी सदस्य-

* आवश्यकता अनुसार संचालन तथा मर्मत सम्भार, कृषि एवं कृषि उपज, कृषि सामाग्री, संस्थागत विकास, सचेतनामुलक कार्य सम्बन्धी उपसमितिको अध्यक्षता गर्ने वा संयोजकत्व गर्ने ।
* पानी वितरण तालिका तयार गरी त्यस अनुसार कार्य गर्ने/गराउने ।
* संस्थाको विधान तथा नियमावलीमा उल्लेख भए अनुसार पानी वितरण तथा मर्मत सम्भारका कार्यहरु लागु गराउने ।
* मर्मत सम्भार तथा सुपरिवेक्षणमा लागेको जनश्रमदानको लगत राख्ने ।
* संस्थागत विकास सम्बन्धी काम गर्ने ।
* सिंचाई व्यवस्थापनको कार्य गर्ने ।
* सिंचाईको समानुपातिक पानी वितरण र दिगो विकास सम्बन्धी कार्य गर्ने ।

## परिच्छेद-६

**वित्तीय र श्रोत व्यवस्थापन**

**१५. आम्दानीका श्रोतहरु:**

सिंचाई जलउपभोक्ता संस्थाको आम्दानीको निम्न श्रोतहरु हुन सक्छन् ।

क) सदस्यता शुल्क

ख) सिंचाई सेवा शुल्क ।

ग) सदस्यहरुबाट असुल गरिएका दण्ड, जरिवाना र अन्य शुल्कहरु ।

घ) संस्थाले विभिन्न व्यक्ति वा निकायबाट प्राप्त गरेका दान, चन्दा, उपहार, आर्थिक सहयोग, अनुदान आदि ।

ङ) संस्थाले विभिन्न वित्तिय श्रोतहरुबाट प्राप्त गर्ने ऋण रकम तथा अनुदान ।

६. **चालु र स्थिर सम्पत्तिहरुको हरहिसाब राख्ने :**

संस्थाले विधान बमोजिम चालु र स्थिर पूँजी हरहिसाब सिंचाई जलउपभोक्ता संस्थाको निर्देशन अनुसार राखिने छ । अचल सम्बत्तिको तथ्याङ्क पनि समितिको सिफारिश अनुसार राखिने छ ।

१७. **कोष:**

सिंचाई जलउपभोक्ता संस्थाको कार्यहरु सम्पादन गर्न एउटा कोष खडा गरिनेछ । संस्थाको नाउँमा प्राप्त हुने सबै आम्दानी यसै कोषमा जम्मा गरिने छ । संस्थाको कार्यहरुमा लाग्ने सम्पूर्ण खर्च पनि यसै कोषको प्रयोग गरी खर्च गरिने छ । यस कोषको संचालन समितिको निर्देशन बमोजिम गरिने छ । आवश्यकता अनुसार समितिको निर्णय बमोजिम बैंकमा खाता खोलि संचालन गर्न सकिने छ ।

१८. **लेखा परिक्षण:**

क) साधारण सभाले नियुक्ती गरेको मान्यता प्राप्त लेखा परिक्षकबाट संस्थाको आर्थिक कारोवारको वार्षिक लेखा परिक्षण गराईने छ । हरेक आर्थिक वर्षको अन्त्यमा संस्थाको आय व्ययको लेखा परिक्षण लेखा परिक्षकवाट गराईने छ ।

ख) साधारण सभालाई लेखा परिक्षण प्रतिवेदनको पुनरावलोकन र अनुमोदनको अधिकार रहने छ। यदि प्रतिवेदनमा अनियमितता भेटिन्छ भने साधारण सभाले सिंचाई जलउपभोक्ता संस्था लाई सच्याउन आदेश जारी गर्नेछ । संस्थाको हरहिसाब र लेखा परिक्षण प्रतिवेदन दर्ता भएको कार्यालयमा वर्षेनी बुझाउनु पर्नेछ ।

## परिच्छेद-७
## विविध

१९. **चुनाव:**

साधारण सभाका सदस्यहरुले सिंचाई जलउपभोक्ता संस्था व्यवस्थापन समितिको पदाधिकारीहरु र कार्यकारिणी सदस्यहरुको चयन गर्नेछन् ।

२०. **समितिको सदस्यताको लागि अयोग्यता:**

कुनै सदस्य मानसिक रुपमा अस्वस्थ्य वा शारिरीक रुपमा असक्त भएको कारणले कार्य गर्न असमर्थ छ भने सिंचाई जलउपभोक्ता संस्थाको सदस्यता ग्रहण गर्न अयोग्य ठहर गरिने छ ।

२१. **अविश्वासको मत:**

क) यदि समितिको कुनै पदाधिकारी वा कार्यकारिणी सदस्य विरुद्ध साधारण सभाका ५०% प्रतिशत भन्दा बढी सदस्यहरुले उक्त पदाधिकारी वा सदस्यले आफूलाई दिएको जिम्मेवारी ईमान्दारीसँग निभाउन असक्षम भएको दावी गर्दै निवेदन दिएमा उक्त निवेदन अनुसार साधारण सभाको उपस्थित सदस्य मध्ये दुई तिहाईको बहुमतले समर्थन समेत गरेमा उक्त कार्यकारणी सदस्यलाई आफ्नो ओहदामा बस्ने अधिकार रहने छैन ।

ख) साधारण सभामा माथि उल्लेखित निर्णय गर्नु अगाडि त्यस व्यक्ति (जसको विरुद्ध निवेदन परेको छ ) लाई आफ्नो विरुद्ध लागेको आरोपको सफाई पेश गर्ने मौका दिइनेछ ।

ग)   यदि अविश्वासको मत साधारण सभाबाट पारित भएन भने सोही व्यक्ति विरुद्ध १ (एक) वर्ष ननाघ्दै अर्को अविश्वासको मत पुनः दर्ता गराउन पाइने छैन ।

२२. **राजीनामा:**

कुनै पदाधिकारी वा कार्यकारिणी सदस्यले स्वेच्छाले आफ्नो पदबाट समितिको अध्यक्ष समक्ष राजीनामा पेश गरेमा सो राजीनामा स्वीकृत गर्ने वा नगर्ने अधिकार साधारण सभालाई रहने छ । साथै अध्यक्षले राजीनामा दिनु परेमा साधारण सभा समक्ष  पेश गर्नु पर्नेछ र सोको निर्णय पनि साधरण सभाको निर्णय अनुसार हुनेछ ।

२३. **सिंचाई जलउपभोक्ता संस्थाको सदस्यताबाट निष्काशन:**

समितिको कुनै पदाधिकारी वा कार्यकारिणी सदस्यले विना पूर्व सूचना साधारण सभाको दुइवटा बैठकमा वा समितिको चारवटा बैठकमा लगातार अनुपस्थित रहेमा निजको सदस्यता स्वतः खारेज हुनेछ ।

२४. **यो विधान संशोधन गर्न सकिनेछ ।** संशोधित विधानलाई साधारण सभा को दुई तिहाई बहुमतले पारित गराउनु पर्नेछ । संशोधित विधानको  प्रति दर्ता भएको निकाय तथा सिंचाई कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

२५. **विनियम संशोधनको अधिकार:**

सिंचाई प्रणाली र संस्था प्रभावकारी ढङ्गले संचालन गर्न, समितिले संस्थाको विनियम .बनाउन, संशोधन गर्न र लागू गर्न सकिने छ ।

२६. **दण्ड संजायहरु लागू गर्ने अधिकार:**

समितिले अनाधिकार पानीको प्रयोग, सिंचाई संरचनाहरुको हानी नोक्सानी, आदि रोक्न विभिन्न दण्ड, सजाय, जरिवाना वा सदस्यताबाट निलम्बन आदि व्यवस्था लागू गर्न सक्नेछ ।

२७. **सम्झौता गर्ने अधिकार:**

संस्थाले प्रशस्त मात्रामा पानी उपलव्ध गराउन, पानीको निकास गर्न र सिंचाई सुविधा पुऱ्याई कृषि उत्पादनमा बृद्धि ल्याउन आफ्नो आर्थिक श्रोतबाट आवश्यक संरचनाहरुको निर्माणसुधार गर्न कुनै पार्टीसँग ठेक्कापट्टा वा सम्झौता गर्न सक्नेछ ।

२८. **संस्थाको कार्यालय** छाप::- ..................... सिंचाई जलउपभोक्ता संस्थाको कार्यालय छाप निम्न अनुसार हुनेछ ।